# नेपालमा आत्मनिर्णयको अधिकारको प्राप्ति

## संविधानसभाले सङ्घीय पद्धतिमा जातीय विविधतालाई समेट्नुपर्दछ ।

मुक्ता तामाङ



नेपालको संविधानसभाले लामो समयदेखि शासन गरेको राजतन्त्रलाई १५ जेठ २०६५ मा अन्त्य गर्दै एकैपटक राजतन्त्रात्मक मुलुकलाई गणतन्त्रमा रूपान्तरण गऱ्यो ।

अब आउने दुई वर्षमा संविधानसभाले नेपालको सङ्घीय स्वरूपलाई परिभाषित गर्दै यसको खाका कोर्नेछ । भविष्यमा बन्ने सङ्घमा जाति, भाषा, सस्कृति र भूभागलाई आधार बनाइनुपर्ने आवश्यकतामा राजनीतिक दल, नागरिक समाज र विज्ञहरूबीच सहमति देखा पर्दै गएको छ । यसो भए तापनि आत्मनिर्णयको अधिकारसम्बन्धमा भिन्नभिन्न दृष्टिकोणहरु छन् । आत्मनिर्णयको अधिकार अत्यन्त ठूलो विवादको विषय बनेको छ, र यसले अनिश्चिता, डर र चिन्ता उत्पन्न गराएको छ ।

आत्मनिर्णयको अधिकारको पेचिलो विषयलाई बेवास्ता गर्न मिल्दैन । सांस्कृतिक विविधताको समायोजन गर्ने र हिंसात्मक द्वन्द्व तथा विखण्डनको सम्भावनालाई टार्ने उद्देश्यका बीचमा सन्तुलन कायम गर्दै यो विषयलाई अत्यन्त सतर्कताका साथ सङ्घीय संरचनाको खाका कोर्ने क्रममा सम्बोधन गरिनुपर्छ । सन्तुलनको यो आवश्यकताका लागि उपलब्ध सबै विकल्पहरूको गहन र चनाखो विश्लेषण जरूरी छ ।

### आदिवासीहरूले पहिले उठाएको माग

नेपालमा आत्मनिर्णर्यको अधिकारको माग सबैभन्दा पहिले आदिवासी/जनजातिहरूले उठाएका हुन् । विगतका दुई दशकदेखि



REUTERS/DEEPA SHRESTHA

किराँत समुदायका मानिसहरु साकेला पर्वका अवसरमा काठमाडौँमा परम्परागत नृत्य प्रस्तुत गर्दै । साकेला पर्व नेपालका किराँत समुदायले पूर्णिमाको समयमा मनाउने एक महत्त्वपूर्ण पर्व हो जसमा राम्रो बालीनालीका लागि तथा प्राकृतिक प्रकोपबाट रक्षाका लागि प्रकृतिको पूजा गरिन्छ ।

आदिवासी आन्दोलनका अभियन्ताहरूले यसलाई चर्चाको विषय बनाएर यसमा राष्ट्रको ध्यान खिचेका छन् । उदाहरणका लागि जनजातिका ५४ वटा सङ्गठनको छाता सङ्गठन नेपाल आदिवासी जनजाति महासङ्घले भनेको छ कि राज्यको पुनर्संरचनामा यसको प्रमुख माग नै "आत्मनिर्णयको अधिकारसहितको जातीय स्वायत्तता" हो ।

इतिहासमा प्रभुत्वशाली समूहहरूले आफूमाथि थोपरेका अन्यायहरूलाई सच्याउनका लागि जनजाति समूहहरूले यस्तो अधिकारको आवश्यकता ठानेका छन् । सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, ताम्सालिङ नेपाल राष्ट्रिय दल, राष्ट्रिय दल र राष्ट्रिय जनमुक्ति पार्टीका विभिन्न चिराहरूलगायत जातीय, भाषिक र सांस्कृतिक अधिकारमा जोड दिने राजनीतिक दलहरूका बीच यस विषयमा मिल्दोजुल्दो धारणा रहेको छ ।

यसका अतिरिक्त वि. सं. २०५२ सालदेखि सशस्त्र विद्रोहमा संलग्न नेपाल कम्युनिस्ट पार्टी माओवादीले आत्मनिर्णयको अधिकारलाई आफ्नो राजनीतिक कार्यक्रममा समावेश गरेका कारणले पनि यस विषयले देशव्यापी चर्चा पाएको छ । सन् १९९४ मा सम्पन्न पहिलो राष्ट्रिय भेलामा नै माओवादीले आत्मनिर्णयको अधिकार र जातीय स्वायत्ततालाई राजनीतिक कार्यक्रमका रूपमा अपनाएको थियो ।

माओवादीका विचारकहरु बाबुराम भट्राई र हिसिला यमीले "नेपालमा राष्ट्रियताको प्रश्न"मा लेख्दै भनेका छन्, उनीहरूको पार्टी "नेपाल बहुराष्ट्रिय बहुभाषिक देश भएको घोषणा गर्दछ र राष्ट्रको अधिकार आत्मनिर्णयको अधिकारको सिद्धान्त स्वीकार गर्दै विभिन्न जातिहरूको स्वयात्तता हुनुपर्ने प्रस्ताव गर्दछ ।"

पछि आएर जनयुद्ध भनेर चिनिएको माओवादी विद्रोह अघि बढ्दै जाँदा २००४ मा नेकपा माओवादीले आत्मनिर्णयको अधिकारसहितका ११ ओटा स्वायत राज्यहरु निर्माण भएको घोषणा गरे । आत्मनिर्णयको अधिकारअन्तर्गत छुट्टै देश बनाउन पाउने अधिकार पनि पर्छ भन्ने माओवादीको विचार रहेको छ । माओवादीका लागि जनताको छुट्टै मुलुक

**मुक्ता तामाङ** नेपालका मानवशास्त्री हुनुहुन्छ ।

बनाउन पाउने अधिकार र दमनका विरूद्धमा विद्रोह गर्न पाउने अधिकारका बीचमा नजिकको सम्बन्ध रहेको छ ।

**आन्दोलनले उस्तै माग गऱ्यो**

आत्मनिर्णयको अधिकारसम्बन्धी बहसमा थप जटिलता थप्दै, मधेस (भारतीय सीमानजिकको दक्षिणभाग जसलाई तराई पनि भनिन्छ) मा भएको आन्दोलनका क्रममा पनि यस्तै माग देखा पऱ्यो । सन् २००६ को प्रारम्भमा सशक्त रूपमा देखा परेको मैथली, भोजपुरी र अवधी भाषा बोल्ने जनता र दक्षिण समथलमा बस्ने अरु समूहको संलग्नता रहेको मधेस आन्दोलनले पनि यही शब्दावलीलाई अपनाउँदै उही माग अघि साऱ्यो । संविधानसभामा ५० सिट जितेको क्षेत्रीय पार्टीका रूपमा रहेको मधेसी जन अधिकार फोरमले आफनो चुनावी घोषणापत्रमा भनेको छ उक्त पार्टी 'आत्मनिर्णयसहित तराईको पूर्ण स्वायत्तता' चाहान्छ ।

आत्मनिर्णयको अधिकारका विषयलाई पन्छाउनै नसकिने गरी चर्काइएको त छ तर यसको विस्तृत व्यवस्थापन कसरी गर्ने भन्ने कुरा अझै स्पष्ट छैन । यस्तो शक्तिशाली र भावनात्मक सिद्धान्तलाई आउने सङ्घीय संविधानले कसरी सम्बोधन गर्ने भन्ने विषयमा न त आदिवासी नेताहरु (जसले अन्य सबै अधिकारको आधरका रूपमा आत्मनिर्णयको अधिकारको माग गरेका छन्), न त नेकपा माओवादी (जसले आत्मनिर्णयको अधिकार छुट्टिन पाउने अधिकारसम्मको हो भन्ने प्रतिबद्धता जाहेर गरेको छ) ले हालसम्म कुनै विस्तृत विवरण प्रस्तुत गर्न सकेका छन् ।

**थप चिन्ता**

कतिपय मानिसहरूले आत्मनिर्णयको अधिकारका विषयलाई ठोस अर्थबिनाको खुला अवधारणाका रूपमा वकालत गरिरहेकाले आत्मनिर्णयको अधिकारलाई विखण्डनको ढोकाका रूपमा हेर्ने राजनीतिकर्मीहरूमा थप चिन्ता उत्पन्न गराएको छ । यस्तो चिन्ता विशेष गरी नेपाली समाजका रूढिवादी समूहहरूमा अझ बढी छ जसले नेपाल निर्माणको जिम्मेवारी र यसको स्वामित्व विगतको शाह वंशको राजपरिवारलाई प्रतिनिधित्व गर्ने शाही शासकमा अन्तर्निहित भएको विश्वास गर्छन् । तसर्थ, उनीहरूका विचारमा नेपालको शासन एकात्मक र केन्द्रीकृत रहिरहनुपर्छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा पूर्व शाही शासनका समर्थक कमल थापाले हालसालै एउटा टेलिभिजनमा अन्तर्वार्तामा भनेका छन् "आत्मनिर्णयको अधिकारले निश्चित रुपमा देशलाई विखण्डनतर्फ लैजाने छ ।"

प्रमुख राजनीतिक पार्टीहरु जस्तै, नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले यस विषयलाई चलाखीपूर्ण तरिकाले पन्छाउँदै भनेका छन् कि सङ्घीय एकाइहरूको अधिकार संविधानसभाले अथवा विशेष उच्चस्तरीय राज्य पुनर्संरचना आयोगले निश्चित गर्नेछ ।

एउटा राज्यभित्रका विभिन्न समूहहरूलाई आत्मनिर्णयको अधिकार दिने कुरा क्षेत्रीय अखण्डताको सिद्धान्तसँग बाझिने तर्कसहित विश्वका विभिन्न मुलुकहरु आत्मनिर्णयको अधिकारको विषयप्रति अनुदार भएका सन्दर्भमा यस विषयप्रतिको असन्तुष्टि सहजै बुझ्न सकिन्छ । यसको प्रतिबिम्ब नेपालमा पनि देख्न सकिन्छ जहाँ हाल राज्यले विखण्डनको सम्भावनालाई पन्छाउन चाहेको छ भने अर्कातर्फ राज्यभित्र रहेका आदिवासी तथा विशिष्ट पहिचान भएका समूहहरु पहिचानको अधिकारको मान्यता खोजिरहेका छन् ।

आत्मनिर्णयको अधिकारको मुद्दालाई स्थागित, वेवास्ता अथवा खारेज गर्नाले समस्याको समधान खोज्नमा सहयोग गर्दैन न त शान्ति कायम गर्न र प्रजातन्त्रलाई बलियो बनाउन नै सहयोग गर्छ । बलजफ्ती नेपाली राष्ट्र–राज्यको क्षेत्रीय अखण्डता कायम गर्ने प्रयत्नले जनतालाई भलो गर्नुको सट्टा झन् दुखद् परिस्थिति ल्याउन सक्छ । नेपालका सन्दर्भमा आत्मनिर्णयको अधिकारलाई सीमान्तकृत आदिवासी जनता र अरु समूहहरूको ऐतिहासिक अनुभवका सन्दर्भमा हेरिनुपर्दछ । यी समूहहरूलाई विगतमा सत्ताबाहिर मात्र राखिएन कि आर्थिक शोषण, राजनीतिक दमन र सांस्कृतिक विभेद गरियो । स्वायतता र आत्मनिर्णयको अधिकारको माग मानव अधिकार, समानता र कानुनको शासनको लोकतन्त्रिक मूल्यमा आधारित समावेशी राज्यको सृजना गर्नका लागि गरिएको हो

**सांस्कृतिक विविधतालाई समेट्नुपर्ने**

आत्मनिर्णयको अधिकारको विषयलाई नेपालजस्तो बहुसांस्कृतिक राज्यमा सांस्कृतिक विविधताको समायोजन गर्ने प्रक्रियासँग जोडेर बृहत् अर्थमा बुझिनुपर्छ । यसो गर्न सकिएमा विखण्डनको विषय एउटा सम्भावनामात्र हुन सक्छ । छुट्टिने अधिकारलाई आत्मनिर्णयको अधिकारको चरम स्वरूपका रूपमा बुझ्न सकिन्छ ।

नेपालका सन्दर्भमा आत्मनिर्णयको अधिकारको आयामभित्र पर्ने छुट्टिन पाउने अधिकारका




REUTERS/GOPAL CHITRAKAR

सम्पूर्ण तराई क्षेत्रलाई स्वायत्त प्रदेशको मान्यता दिइनुपर्ने मधेसी समुदायको मागका विरूद्धमा काठमाडौँमा प्रदर्शन गर्दै थारु समुदायका मानिसहरु । थारुहरु कुल जनसङ्ख्याको झन्डै सात प्रतिशत जनसङ्ख्या भएका नेपालको समथर तराई क्षेत्रमा बसोबास गर्ने नेपालको चौथो ठूलो आदिवासी/जनजाति समूह हुन् ।

विषयमा प्रस्ताव गर्नेको भन्दा पनि विरोध गर्नेको बढी चिन्ता वा चासो रहेको देखिन्छ । सीमान्तकृत समूहहरूले नेपालको एकात्मक र केन्द्रीकृत राज्यलाई सामन्ती राजाको संरक्षकत्वमा अल्पसङ्ख्यक जात हिन्दूहरूको "आन्तरिक उपनिवेश" का रूपमा व्याख्या गरेको परिस्थितिमा पनि नेपालमा भिन्नै राज्यको माग कहिलै देखा परेको थिएन ।

नयाँ सूत्र र नयाँ खालका राजनीतिक संस्थाहरूको प्रयोग गर्दै नेपाल राज्यलाई अखण्ड राख्ने कुरा सबै प्रतिस्पर्धी राजनीतिक शक्तिहरूको साझा मूल्यमान्यता हो । वास्तवमा आदिवासी अध्येता कृष्ण भट्टचन नयाँ बन्ने संविधानले आदिवासी जनताहरूको अधिकार स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने तर्क गर्छन् । भट्टचन भन्छन्, "यसको अर्थ छुट्टिन पाउने अधिकार होइन ।"

उक्त अभिव्यक्ति भट्टचनले अगस्ट ९, २००८ मा विश्व आदिवासी जनजाति दिवसका दिन दिएका हुन् ।

वास्तवमा अन्तर्राष्ट्रिय र संवैधानिक कानुनले मान्यता दिएको सिद्धान्तका रूपमा रहेको आत्मनिर्णयको अधिकारलाई कार्यान्वयन गर्ने पक्षमा प्रशस्तै अर्थ र आयामहरु भेट्न सकिन्छ । अन्तर्राष्ट्रिय कानुनका विज्ञ प्रो. एनटोनिव क्यासेस (पूर्व युगोस्लाभियाका लागि अन्तर्राष्ट्रिय फौजदारी ट्रिबुनलका पहिलो अध्यक्ष) ले आत्मनिर्णयको अधिकारका बाह्य र आन्तरिक दुवै आयामहरु रहेको बताएका छन् । आत्मनिर्णयको अधिकारको बाह्य आयाम विशेषगरी सम्बन्धित जनताको अन्तर्राष्ट्रिय पहिचान वा मान्यतासँग सम्बन्धित छ । छुट्टिन पाउने अधिकार यसको एउटा उदाहरण हुन सक्छ । अर्कोतर्फ आन्तरिक आयाम विभिन्न समूहहरूको लोकतान्त्रिक अधिकारहरु अभिवृदि गर्ने कानुन र राज्य संरचनासँग सम्बन्धित छ ।

समकालीन परिप्रेक्षमा जनताको आत्मनिर्णयको अधिकारको सिद्धान्त, जसलाई वुड्रो विलसनले प्रतिपादन गरेको मानिन्छ, ले यस अवधारणालाई उपनिवेशबाट स्वतन्त्र हुने सन्दर्भमा भन्दा राष्ट्रराज्यहरु निर्माणका अवस्थामा बहुसांस्कृतिक वा विविधता समेट्ने उपायका रूपमा व्याख्या गर्ने गरिएको छ । इथियोपियाबाहेक संसारमा कुनै पनि त्यस्ता देशहरु छैनन् जहाँ छुट्टिन पाउने अधिकारलाई संविधानमा उल्लेख गरिएको छ । समान अधिकार र सांस्कृतिक विविधताको मान्यता लोकतान्त्रिक मूल्यका रूपमा स्विकार्ने क्रम व्यापक हुँदै गएको छ ।

**समूहहरूको पहिचाहनको सुनिश्चितता**

छुट्टिन पाउने अधिकारसम्बन्धी विवाद सङ्घीय नेपालका लागि व्यावहारिक सरोकारको विषय नहोला तापनि आत्मनिर्णयको अधिकारले केही मानिसका लागि विशेष महत्त्व राख्छ । जनताको आकाङ्क्षालाई सम्मान गर्दै केही र बाहिरी अनुभवहरु (जस्तै, दक्षिण अफ्रिका)लाई हेर्दै नेपालको नयाँ संविधानले आदिवासी जनताको

> आत्मनिर्णयको अधिकारका विषयलाई नेपालजस्तो बहुसांस्कृतिक राज्यमा सांस्कृतिक विविधताको समायोजन गर्ने प्रक्रियासँग जोडेर बृहत् अर्थमा बुझिनुपर्छ । यसो गर्न सकिएमा विखण्डनको विषय एउटा सम्भावनामात्र हुन सक्छ । छुट्टिने अधिकारलाई आत्मनिर्णयको अधिकारको चरम स्वरूपका रूपमा बुझ्न सकिन्छ ।

आत्मनिर्णयको अधिकारलाई नपन्छाईकनै "समग्र नेपालीको आत्मनिर्णयको अधिकार"लाई सुनिश्चित गर्न सक्छ । यसरी, विभिन्न समूहहरूलाई आफ्नो पहिचानको अधिकार प्रदान गर्दा नेपालको "बहुसंस्कृति राष्ट्रवाद" वा "विविधतामा एकता" हासिल गर्ने चुनौतीलाई सम्भवतः सम्बोधन गर्न सकिन्छ । यस्तो कार्यले जनतालाई आफ्नो राज्यमा आबद्ध हुनका लागि आवश्यक वातावरण निर्माण गर्न सक्छ ।

सेप्टेम्बर २००६ मा सयुक्त राष्ट्रसङ्घले गरेको आदिवासी जनताको अधिकारको घोषणालाई नेपालमा उत्साहका साथ स्वागत गरिएको थियो । यस घोषणामा संयुक्त राष्ट्रसङ्घले आदिवासी जनतालाई आत्मनिर्णयको अधिकार भएको जनाएको छ । यस घोषणाले आदिवासी जनताको पुर्ख्यौली जमिन, उनीहरूको सामूहिक संस्कृति, अस्तित्व र आध्यात्मिकतासँग गाँसिएको भूभाग तथा आफू बस्ने राज्यको संरचनाभित्र उनीहरूले प्राप्त गर्ने आत्मनिर्णयको अधिकारका बीचमा गहिरो सम्बन्ध हुने कुरा प्रस्ट पारेको छ । यसो भए तापनि उक्त घोषणा, जुन विश्वका आदिवासी समूहहरु र सरकारहरूको संयुक्त दस्तावेज हो, ले भनेको छ कि आत्मनिर्णयले छुट्टिने कुरालाई बुझाउँदैन । यस घोषणाको भावनाको मूल मर्म नेपालमा प्रतिबिम्बित भएको देखिन्छ । नेपालका जनताले सांस्कृतिक पहिचान र लोकतान्त्रिक अधिकारका साथै पहाड हिमाल र तराईमा मिलेर बसेका जनताको ऐतिहासिक निरन्तरताको मान्यता होस् भन्ने इच्छा व्यक्त गरेका छन् ।

यही उत्साहका साथ २०६५ साल असार ७ गते नेपालका आदिवासी जनताहरूले आदिवासी समूहका १९९ संविधानसभा सदस्यहरूलाई बधाइ दिनका लागि एक कार्यक्रमको आयोजना गरे । काठमाडौंको मुटुमा १००० भन्दाबढी सहभागीहरूका माझ संविधानसभाका सभामुख सुवास नेम्बाङ, जो आदिवासी लिम्बू समूहमा पर्छन्, ले भने "संविधानसभामा तपाईंहरूको प्रतिनिधित्व गरिरहेका हामीले तपाईंहरूलाई निरास बनाउने छैनौं । विविधतालाई सम्मान गर्ने एकीकृत नेपालीका रूपमा तपाईंहरूको शिर उचो रहन्छ भन्ने कुरा सुनिश्चित गर्नेछौं ।"

यसरी नेपालको नयाँ सङ्घीय राज्यका निर्माणकर्ताहरूले निश्चय पनि प्रभावकारी वित्तीय तथा न्यायिक प्रबन्ध निर्माण गर्नेदेखि नेपालका लागि संसदीय वा राष्ट्रपतीय प्रणालीमध्ये कुन ठीक होला भन्ने विषयमा रहेका व्यापक चासोहरूलाई ध्यान दिनुपर्ने हुन्छ । यसका अतिरिक्त उनीहरूका सामु स्वशासन र सत्ता साझेदारीका सिद्धान्तहरूलाई समेट्ने खालको संरचना निर्माण गर्ने जिम्मेवारी गहन रूपमा आएको छ । साझा र एकीकृत नेपालमा आत्मनिर्णयको अधिकार प्राप्त गर्ने जनताको चाहनालाई पूरा गर्नका लागि यसको ठूलो भूमिका रहनेछ ।